## ओमसतिया गाउँपालिकाको मिति २०७५।०५।३० गते बसेको बैठकको निर्णयहरु :

१. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको उ.स. गठन गर्ने सम्बन्धमा :
वडास्तर र गाउँपालिकास्तरका उपभोक्ता समिति मार्फत सञ्चालनहुने योजनाहरु वडा कार्यालयबाट नै सूचना प्रकाशन गरी गठन गर्ने । गठन गर्दा कम्तीमा ३ दिनको सूचना जारी गर्ने । उक्त सूचनाको प्रती गाउँपालिकामा पनी समयमा नै अनिवार्य उपलब्ध गराउने । योजनाहरुको उ.स. गठनमा वडास्तरको साथसाथै गाउँपालिकास्तरबाट जनप्रतिनिधी र कर्मचारी उपस्थिती हुनुपर्ने ।

२. योजना कार्यान्वयन गर्ने सन्दर्भमा :
ठुला मेसिनरी औजार प्रयोग नहुने प्रकृतीका उपभोक्ता मार्फत सञ्चालन गर्न उपयुक्त खालका योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने । ठुला मेशिनरी औजार प्रयोग हुने योजनाहरु गा.पा.को निर्णयानुसार टेण्डर वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने ।

३. केही योजनाहरु कार्यान्वयन गर्ने/नगर्ने सन्दर्भमा :
अनुमोदन भै सकेका कार्यक्रम तथा बजेट मध्ये तत्काल कार्यान्वयन गर्न उपयुक्त नदेखिएको तथा परिमार्जन गर्न योग्य योजना तथा कार्यक्रमहरु आगामी गाउँसभाबाट परिमार्जन तथा संशोधन गर्नुपर्ने अवस्थामा गाउँ कार्यपालिकाको निर्णयानुसार कार्यान्वयन नगर्न सकिने ।

४. कार्यालयको निर्णय तथा निर्देशन सम्बन्धमा :
गाउँपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु वडा कार्यालयहरुले अनिवार्यरुपमा कार्यान्वयन गर्ने/गराउने ।

५. विषयगत समितिको बैठक सम्बन्धमा :
विषयगत समितिको बैठक प्रत्येक महिनाको कम्तीमा १ पटक बस्नु पर्ने । बैठक सञ्चालन तथा अन्य विविध विषयहरुको सन्दर्भमा तोकिए बमोजिम हुने ।

६. दैनिक ज्यालादारी कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा :
वडास्तरमा दैनिक ज्यालादारीमा कामकाज गर्दै आईरहेका सामाजिक परिचालकहरुको आवश्यकतानुसार सबै प्रकारको व्यवस्थापन तथा नियमन वडा समितिको निर्णयानुसार वडा कार्यालयबाट नै गर्ने । सो को अनुमोदन गाउँपालिकाबाट हुने ।

७. मर्मत सम्भार सम्बन्धमा :
वडास्तरमा रहेका मर्मत सम्भार गर्नुपर्ने सडक तथा बाटोहरुको प्राविधिक खटाई लागत ईष्टिमेट तयार गर्न लगाउने । तर, मर्मत सम्बन्धी बजेट व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धमा गाउँपालिकाको अर्को बैठकबाट निर्णय गर्न सकिने ।

075/5/30
टेकराज आचार्य (राजिव)
प्रशासकीय अधिकृत

Scanned by CamScanner

८. वडा कार्यालयहरुमा मालपोत र आम्दानी रसिद उपलब्ध गराउने सम्बन्धमा :
सवै वडा कार्यालयहरुमा ईन्टरनेटमा आधारित सफ्टवेयरहरु कार्यान्वयनमा रहेकोमा विविध कारणले गर्दा कहिलेकाही सफ्टवेयर चल्न नसक्ने अवस्थामा म्यानुअल्ली मालपोत रसिद र आम्दानी रसिद काट्नु पर्ने अवस्था श्रृजना भएको हुँदा प्रत्येक वडालाई मालपोत रसिद र आम्दानी रसिद उपलब्ध गराउने । सफ्टवेयर चल्नासाथ दोहोरो आम्दानी नदेखिने गरी उक्त रसिद सफ्टवेरमा अनिवार्यरुपमा अद्यावधिक गर्ने, गराउने ।

९. काजकिरिया खर्च सम्बन्धमा :
मिति २०७६।५।२९ गते दिनको ठिक २:०० बजे ओमसतिया गाउँपालिका वडा नं. ५ पटखौलीका बासिन्दा महेन्द्र चौधरीको अज्ञात समूहबाट गोलीहानी विभत्स हत्या भएको हुँदा उक्त निन्दनिय घटनाको घोर भर्त्सना, मृतकको चिरशान्तीको कामना र शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै मृतकको परिवारलाई रु. ५०,०००।- काज किरिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

१०. मेलमिलापकर्ताहरुलाई सूचिकृत हुन सूचना जारी गर्ने सम्बन्धमा :
यस ओम सतिया गाउँपालिका भित्र रहेका तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई १५ दिनको समय दिई तालिम लिएको प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्र र आवश्यक अन्य कागजातहरु सहित गाउँपालिकामा सूचिकृत हुन सूचना जारी गर्ने ।

०७६।५।३०

टेकराज आचार्य (राजिव)
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner